**निर्णय नं. १**

आगामी आर्थिक बर्ष २०७२।७३ का लागि प्रस्तावित आय व्यय रु ५४ करोड ८१ लाख ८५ हजार हुने गरी स्वीकृत गर्ने निर्णय गरियो । साथै गत आर्थिक बर्ष २०७०।७१ को यथार्थ आय व्यय, चालु आर्थिक बर्ष २०७१।७२ को संसोधित आय व्यय एवम् आगामि बर्षमा सञ्चालन गरिने योजना तथा कार्यक्रमहरु देहाय बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

आ.ब. २०७२/७३ को योजना तर्जुमा गर्ने सिलशिलामा वडा भेलाबाट प्राप्त योजना तथा कार्यक्रमहरु मध्ये नगरपालिकाको स्रोतले भ्याउने योजनाहरु आगामी आ.ब. को कार्यक्रममा समावेश गरिएको हुँदा कार्यक्रममा समावेश हुन नसकेका बाँकी योजनाहरुलाई जिल्ला विकास समिति तथा माननीय सभासद् ज्यू बाट छनौट हुने योजनामा समावेश गर्न अनुरोध गर्ने । साथै नगरपालिकामा थप स्रोत प्राप्त हुन आएमा कार्यान्वयन गर्न प्राथमिकता दिने गरी योजना दस्तावेजको **अनुसुचि–२** मा समाबेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

राजस्व परामर्श समितिको सुझाव समेतका आधारमा आगामी आर्थिक बर्ष २०७२।७३ का लागि नगरपालिकाले लिने कर, दस्तुर, शुल्क आदिको दररेट संलग्न **अनुसुचि ३** बमोजिम हुने गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नगरपालिका कार्यालयको अगाडी रहेको पसल कवलहरुमा हाल बसीरहेका व्यसायीहरु आफै बस्न चाहेमा चालु बर्षमा लिईएको घरभाडामा ३०(तीस) प्रतिशत भाडा वृद्धि गरी दिने । यदि बस्न नचाहेमा नियमानुसार सुचना प्रकाशन गरी भाडा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

एकिकृत सम्पत्ति करको हकमा चालु बर्ष २०७१/७२ को व्यवस्थानुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

पदपूर्ति समितिबाट मिति २०७१/९/२७ मा पेश भएको आ.ब. ०७१/०७२ को बार्षिक प्रतिवेदन समिक्षा सहित अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

नगरपालिकाको कर्मचारी दरबन्दी विवरण र संगठन संरचना संलग्न **अनुसुचि ४** बमोजिम हुने गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

चार्टर एकाउन्टेन्ट्स प्रमोद पन्थी एण्ड एशोसिएटस्ले मिति २०७१/९/७ मा पेश गर्नु भएको आ.व. २०७०/०७१ को अन्तिम लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी प्रतिवेदनमा समाविष्ट सुझावहरु कार्यान्वयन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस कार्यालयको आर्थिक बर्ष २०७२/७३ को स्वीकृत दरवन्दी अनुसारको तलवी प्रतिवेदन पाना ७ (सात) **अनुसुचि ५** बमोजिम हुने गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

नगरपालिकाद्धारा आयोजना गरिएको सामाजिक परीक्षणको मिति २०७१।५।२३ मा प्राप्त प्रतिवेदन सम्बन्धमा जानकारी भई अनुमोदन गरियो तथा सामाजिक परीक्षणबाट प्राप्त सल्लाह, सुझावलाई नगरपालिकाको नीति, योजना तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ११**

आगामी आर्थिक वर्षका लागि घर नक्सा स्वीकृती शुल्क देहाय अनुसार कायम गर्ने निर्णय गरियो :

क) आर सि.सि सिमेन्टको जोडाईमा भुई तल्लामा प्रति स्क्वायर फिट रु १०।

ख) आर सि.सि सिमेन्टको जोडाईमा प्रथम तला र सो भन्दा माथि प्रति स्क्वायर फिट रु १२ ।

ग) काठको टाडी वा काचो इटा गारो जोडाईमा प्रति स्क्वायर फिट रु २ ।

घ) घर नक्सा किताव प्रति गोटा रु १०००।

ङ) घर नक्सा प्रतिलिपी रु ३०० ।

च) पर्खालको नक्सा पास गर्दा प्रति रनिङ फिट रु २०।

छ) महिलाको नाममा नक्सा पास गर्दा नियमानुसार लाग्ने दस्तुरमा प्रति स्क्वायर फिट रु १।- (एक) छुट दिने ।

**निर्णय नं. १२**

आ.ब. ०७२/०७३ को लागि नगर परिषद्बाट स्वीकृत योजना तथा कार्यक्रम सञ्चालनको लागि बार्षिक कार्यतालिका (कार्य योजना) बनाई योजना कार्यान्वयन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

भवन तथा योजना मापदण्ड २०७० लाई देहाय बमोजिम हुने गरी परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

(क) पुराना घरहरुको हकमा तल्ला थपको लागि नक्सा पेश गर्दा माटोको जोडाईको हकमा ४० वर्ष भन्दा पुरानो घर, सिमेन्ट जोडाईको Load bearing building को हकमा ५० वर्ष भन्दा पूरानो घर तथा Frame/Structure को घरको हकमा ५० वर्ष भन्दा पुरानो घरको न.पा.बाट नक्सा स्विकृत हुनेछैन । तर माथि उल्लेखित अवधि भित्रका संरचनाहरुमा तला थप्न माग गरेको अवस्थामा सम्बन्धित नक्सा तयार गर्ने ईन्जिनियरले तला थप गर्न सकिने व्यहोरा प्रमाणित भई आएमा घर बनेको वर्ष खुलाई तल्ला थप स्वीकृती गर्ने ।

(ख) यस नगरपालिकाले २०७० साल श्रावण देखि भवन संहिता प्रभावकारी रुपमा लागु गरी सोही अनुसार घर नक्सा स्वीकृती दिदै आएको भएता पनि केही घरधनीहरुमा भवन सहिंता सम्बन्धि चेतनाको कमिका कारण न.पा.मा पेश भएका नक्सामा उल्लेखित स्ट्रक्चर डिजाइन भन्दा केही फरक किसिमले घर निर्माण गरेको कारणबाट भवनसंहिता मापदण्ड अनुसार नक्सा स्वीकृत लिन नसकिरहेको र सो भवनहरु आंशिक मापदण्ड पुरा गर्ने गरी निर्माण भईसकेको अवस्थाका कारण पुनः भत्काई पुन निर्माण (Reconstruction) गर्ने पनि अवस्था नभएकोले आगामी दिनहरुमा भवन संहितालाई कडाईका साथ कार्यान्वयन गर्ने गराउने गरी २०७१ आश्विन मसान्त सम्म दर्ता भएका नक्सालाई २०७१ चैत्र मसान्तसम्म सम्बन्धित नक्सा तयार गर्ने इन्जिनियरको सिफारिश सहित अन्तिम पटकको लागि शत प्रतिशत जरिवाना लिई नियमित गर्ने ।

(ग) भवन आचारसंहिता लागु हुनुभन्दा पहिले स्वीकृतका लागि न.पा.मा दर्ता भएका संरचनाहरुको नक्साको हकमा सम्पुर्ण नक्साहरुलाई अन्तिम पटकको लागि २०७२ आषाढ मसान्त सम्ममा नियमित गरी स्वीकृत गर्ने । साथै २०७१ चैत्र मसान्त पश्चात नक्सा दर्ता गरेको ४ वर्ष भित्रमा स्वीकृत नभएका नक्साहहरु स्वतः रद्द हुने र पुनः नक्सा प्रकिया गर्नुपर्ने व्यवस्था लागु गर्ने ।

(घ) सेटब्याकको हकमा १० फिट भन्दा कम चौडाईका बाटोको हकमा ४ फिट छोड्नु पर्ने र सोभन्दा बढी चौडाईको बाटोको हकमा ५ फिट छोड्नु पर्ने । साथै ९० प्रतिशत भन्दा बढी घरहरु बनिसकेको १० फिट भन्दा कम चौडाईको गल्ली बाटोको हकमा ७५ मीटर भन्दा कम लम्बाइ भएमा Set back लागु नहुने । तर झ्याल ढोका राख्नु परेमा ३ फिट Set back अनिवार्य छोड्नु पर्ने व्यवस्था लागु गर्ने ।

(ङ) नक्सा पास अवधि पछि सम्पन्न प्रमाणपत्र दिंदा निर्माण सम्पन्न बापत २०७१ माघ १ गते लागु हुने गरी रु. १५००।०० (एक हजार पाँच सय) दस्तुर लिने साथै निर्माण सामग्री सडकमा राखे वापत लिई आएको धरौटी सोही मिति देखि नलिने निर्णय गरियो ।

(च) माथिल्लो तल्लामा छज्जामाथि भवन निर्माण गर्नु पर्दा प्राविधिक डिजाइन अनुसार भवन निर्माण गर्न पाइने छ । साथै बरण्डाको हकमा बढीमा ६ फिटसम्म Grid मा नभएता पनि सुन्दरताको दृष्टिकाणले ९"x९" Column राखी बढीमा दुईवटा बरण्डाको लागि नक्सामा राख्न दिने । तर उक्त बरण्डामा बस्ने कोठा बनाउन पाइने छैन । कोठा राख्नुपर्ने अवस्थामा कोलमको साइज १२" x१२" हुनुपर्नेछ ।

## निर्णय नं. १४

गत आ.ब. र चालु आर्थिक बर्षको हालसम्मको अवधीमा सम्पन्न भई जाँचपास तथा फरफारक भएका संलग्न **अनुसुचि ६** बमोजिमका योजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १५

निम्नलिखित योजनाहरुलाई जि.वि.स. रुपन्देहीको आगामी वर्षको बार्षिक कार्यक्रममा समाबेश गर्न अनुरोध गर्ने निर्णय गरियो ।

क. वार्ड नं. ८ बसडिलवा जाने बाटो ।
ख वडा नं. ७ को सामुदायिक भवन ।
ग वडा नं. ८ को दुर्गा मन्दिर पर्खाल निर्माण ।
ङ. वडा नं. ६ को चित्रकुट मन्दिर जिर्णोद्धार ।
च. वडा नं. ८ को उच्मीपथ जाने बाटो निर्माण ।
छ. वडा नं. ९ दुमदुमवा जाने बाटो मर्मत ग्रेभल ।
ज. विमानस्थल स्थित समसान घाट निर्माण गर्न ५०।५० को योजना ।

## निर्णय नं. १६

आ.ब. ०७२/०७३ को केन्द्रिय योजनामा समावेश गरी दिन निम्नानुसारको योजनाहरु नेपाल सरकारका सम्वद्ध मन्त्रालयहरु तथा राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने निर्णय गरियो ।

क. वडा नं. १ बेलहिया देखि पक्लिहवा जाने सडक कालो पत्रे ।
ख. पञ्चवाटिका पार्क निर्माण गर्ने (पिकनिक स्थल) ।
ग. बसडिलवा शिव मन्दिर निर्माण गर्ने ।
घ. हाट बजारपथ सडक पिच तथा नाला निर्माण ।
ङ. वडा नं. १२ भीमकालीपथ उत्तर दिपज्योतीपथ (बुद्ध ज्योती स्कुल पूर्व) नालाको किनारबाट रुद्रपथ, काशी स्कुल देखि जनकपथ हुँदै प्रभातपथ नाला किनारको बाटो पक्की बनाउने ।
च. वडा नं. ४ हनुमान मन्दिरमा पार्क निर्माण ।
छ. महावीर पथदेखि एयरपोर्ट जाने बाटो पुनः निर्माण ।

**निर्णय नं. १७**

नगरपालिकामा कार्यरत निम्न कर्मचारीहरुको कार्यसम्पादन स्तर उत्कृष्ठ रहेको देखिएकोले निजहरुको कार्यको प्रशंसा गर्दै रु ५०००। का दरले नगद पुरस्कार तथा प्रशंसा पत्र प्रदान गर्ने निर्णय गरियो ।

(क) बारुणयन्त्र ईन्चार्ज श्री कृष्ण प्रसाद ज्ञवाली

(ख) ना.सु. श्री डम्मर कुमारी गुरुङ्ग

(ग) खरिदार श्री कृष्ण बहादुर राना

(घ) कार्यालय सहयोगि श्री बाबुलाल गुप्ता

**निर्णय नं. १८**

सार्वजनिक नीजि साझेदारी अवधारणा अन्तरगत परिचालन गर्न उपयुक्त देखिएको नगरपालिकाको स्वामित्व र जिम्म्मामा रहेको अचल सम्पत्तिलाई नीजि क्षेत्र मार्फत परिचालन गर्ने नीतिलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १९**

नगरपालिका क्षेत्र भित्रको मिनही घरवासको जग्गा स्वामित्व हस्तान्तरण सम्बन्धी नगरपालिकामा कारोवार हुँदा लाग्ने दस्तुरमा दिईने छुट सुविधा मालपोत कार्यालयले दिने छुट सरह हुने गरी कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

चालु बर्षको व्यवसाय कर आश्विन मसान्त भित्र तिर्न आएमा व्यवसाय करको १५(पन्ध्र) प्रतिशत रकम छुट दिने निर्णय गरियो ।

**निर्णय नं. २१**

आगामी आ.व. २०७२।७३ का लागि नगरपालिकाले उठाउने कर, दस्तुर तथा शुल्क असूलीका लागि राजश्व परामर्श समितिको सिफारिस अनुसार वार्षिक ठेक्का अंक संलग्न **अनुसूची ७** वमोजिम कायम गर्ने र ठेक्का सम्झौताको वखत एकमुष्ठ रकम बुझाउनेलाई १०% छुट दिने नीतिलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २२**

आगामी आ.व. २०७२।७३ मा नगरपालिकाको लागि विद्यमान करका दरहरु परिमार्जन गर्न वा करको नयाँ दर कायम गर्न आवश्यक परेको अवस्थामा सोको स्वीकृत गर्ने अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

नगरपालिकाको लागि स्वीकृत गरिएका कार्यविधि/निर्देशिकाहरुमा समयानुकुल परिमार्जन गर्न वा नयाँ कार्यविधी वा निर्देशिका जारी गर्न आवश्यक महशुस भएमा सो कार्य सम्पन्न गर्न स्थानीय स्वयत्त शासन ऐन २०५५ को दफा २६४ वमोजिम नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

नगरपालिका बोर्ड बैठकबाट गत आ.व. २०७०।७१ र चालु आ.व. को पौष महिनाको २८ गतेसम्म भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

आगामी आ.व. २०७२।०७३ का लागि नियमानुसार कट्टी हुने कन्टिन्जेन्सी रकमबाट संलग्न **अनुसूची ८** मा समावेश भएका कार्यक्रमहरु सञ्चालन गर्ने गरी कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**
सिद्धार्थनगर नगरपालिकालाई विस्तार गरी उप-महानगरपालिका बनाउन आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**
यस नगरपालिका क्षेत्र भित्र औद्योगिक मेला, प्रदर्शन आदि आयोजना गर्न सिद्धार्थमण्डप निर्माण गर्न अति आवश्यक देखिएको हुँदा नगरपालिका क्षेत्रभित्रको उपयुक्त स्थान खोजी गर्ने कार्यमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८**
यस नगरपालिकामा रहेका दमकलहरुको संचालन खर्च अत्यन्त धेरै भै सो खर्च धान्न नगरपालिकालाई कठिनाई भएको र नगरपालिकाको दमकलले नगर क्षेत्र बाहेक ग्रामीण क्षेत्रहरुमा समेत सेवा पुऱ्याउदै आएको हुँदा जि.वि.स.बाट दमकल संचालन वापत प्राप्त हुने अनुदान रकममा वृद्धिका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**
यस नगरपालिकाको १,३,६ र ८ नं.वडाहरुको जनसंख्या तथा क्षेत्रफल ठूलो भएको हुँदा उक्त वडाहरुलाई विभाजन गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**
अठारौं नगरपरिषद्लाई सफलतापूर्वक सम्पन्न गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने सबै राजनीतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, सरकारी कार्यालय तथा गैर सरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधीहरु, सञ्चारकर्मी मित्रहरु, बुद्धिजिवी, कर्मचारी तथा सम्पूर्ण महानुभावहरुप्रति हार्दिक धन्यबाद् ज्ञापन गर्ने निर्णय गरियो ।

**१८ औं नगरपरिषद सफलतापूर्वक सम्पन्न भयो ।**